# सन्ततिको लागि आजै सोचौं
# आइएमई बालकिरण नै रोजौं



## बाल किरण
### जीवन बीमा योजना

## बीमालेखका सुविधाहरु

१. बच्चाको जन्म भए लगत्तै बीमा गर्न सकिने।
२. चार वर्ष पश्चात विद्यालय भर्ना गर्न रकम प्राप्त हुने र प्रत्येक वर्ष विद्यालय शुल्क वा पठनपाठनका लागि रकम प्राप्त हुने ।
३. आवश्यकता अनुसार बीमा अवधि छान्न सकिने ।
४. दुर्घटना तथा बिरामीको थप जोखिम वहन हुने ।
५. एउटै बीमामा बच्चा तथा प्रस्तावक (बाबु वा आमा) दुई जनाको जीवनको बीमा हुने ।

977-14024071 www.imelifeinsurance.com

## बीमालेखका विशेषताहरु:

**आइएमई बालकिरण (वार्षिक अग्रिम भुक्तानी सावधीक) जीवन बीमा योजना (IME Child Annual moneyback Policy with Profit) बोनस सहित ।**

### विवरण

| | |
|---|---|
| १. न्यूनतम प्रवेश उमेर (बीमित): | ० वर्ष (पछिल्लो जन्मदिन) |
| २. न्यूनतम प्रवेश उमेर (प्रस्तावक): | १८ वर्ष (नजिकैको जन्मदिन) |
| ३. अधिकतम प्रवेश उमेर (बीमित): | १७ वर्ष (पछिल्लो जन्मदिन) |
| ४. अधिकतम प्रवेश उमेर (प्रस्तावक): | ६० वर्ष (नजिकैको जन्मदिन) |
| ५. न्यूनतम बीमा अवधि: | १० बर्ष |
| ६. अधिकतम बीमा अवधि: | २५ वर्ष |
| ७. न्यूनतम उमेर परिपक्वतामा (बीमित): | १८ वर्ष |
| ८. अधिकतम उमेर परिपक्वतामा (बीमित): | ३२ वर्ष |
| ९. अधिकतम उमेर परिपक्वतामा (प्रस्तावक): | ७० वर्ष |
| १०. न्यूनतम बीमाङ्क रकम: | रु.१००,०००/- (एक लाख) |
| ११. अधिकतम बीमाङ्क रकम: | रु.५०,००,०००/- (पचास लाख) |
| १२. बीमा शुल्क भुक्तानी तरिका: | एकल, नियमित (वार्षिक, अर्धवार्षिक, त्रैमासिक) र सिमित भुक्तानी तरिका निम्नानुसार : |

| बीमालेख अवधि | बीमाशुल्क भुक्तानी अवधि |
|---|---|
| १० | ५,८ |
| १५ | ५,१०,१२ |
| २० | ५,१०,१५ |
| २५ | ५,१०,१५,२० |

१३. ठूलो बीमाङ्कमा छुट :

| बीमाङ्क रकम | प्रदान गरिने छुट (प्रति हजारमा) |
|---|---|
| रु. ५००,०००/- सम्म | छुट छैन । |
| रु. ५००,००१/- देखी रु. ८००,०००/-सम्म | रु. १/- |
| रु. ८००,००१/- र सो भन्दा माथि | रु. २/- |

(बीमाङ्क रु. १०,००० गुणाङ्कमा हुनुपर्नेछ)

१४. बीमाशुल्क भुक्तानी तरिकाको आधारमा निम्न बमोजिम बीमाशुल्क छुट प्रदान गरिनेछ ।

| बीमाशुल्क भुक्तानी तरिकाको आधारमा | प्रदान गरिने छुट |
|---|---|
| वार्षिकमा | २% |
| अर्धवार्षिकमा | १% |
| त्रैमासिक र एकलमा | कुनै थप/छुट छैन । |

१५. भुक्तानी दिइने अवस्था :

क) चालु बीमालेखमा बीमालेख अवधि सम्म बीमित जीवित रहेमा बीमालेखको शर्तहरुको अधिनमा रही बीमा प्रारम्भ मितिले चार (४) वर्ष पुरा भए पश्चात् प्रत्येक वर्ष नविकरण बीमाशुल्क प्राप्त भएपछि बीमालेखको वार्षिकोत्सवमा र बीमा समाप्ती मितिमा निम्नानुसार भुक्तानी गरिनेछ ।

| बीमा प्रारम्भ मिति बाट ० देखी ३ वर्ष सम्म | बीमा प्रारम्भ मिति बाट ४ वर्ष पुरा भए पश्चात् | बीमा समाप्ती मितिमा |
|---|---|---|
| – | 4% | [125% of SA- (U-4) x 4%] + Applicable Bonus |

*U = Policy Term

ख) चालु बीमालेखमा जोखिम प्रारम्भ हुनु अगावै बीमितको मृत्यु भएमा बीमालेखको शर्तहरुको अधिनमा रही बीमकले प्राप्त गरेको सम्पूर्ण बीमाशुल्क फिर्ता दिइनेछ र बीमालेख स्वत: अन्त्य हुनेछ ।

ग) चालु बीमालेखमा बीमा जोखिम प्रारम्भ पछि बीमा अवधी भित्र बीमितको मृत्यु भएमा बीमालेखको शर्तहरुको अधिनमा रहि आर्जित बोनस सहित बीमाङ्क रकमको २५ (पच्चिस) प्रतिशत रकम वा बीमकले प्राप्त गरेको सम्पूर्ण बीमाशुल्क मध्ये जुन रकम बढि हुन्छ सो रकम भुक्तानी दिइनेछ र बीमालेख स्वतः अन्त्य हुनेछ ।

घ) चालु बीमालेखमा बीमा अवधी भित्र प्रस्तावकको मृत्यु पश्चात बीमितको मृत्यु भएमा बीमालेखको शर्तहरुको अधिनमा रहि आर्जित बोनस सहित बीमाङ्क रकमको २५ (पच्चिस) प्रतिशत रकम वा बीमकले प्राप्त गरेको सम्पूर्ण बीमाशुल्क मध्ये जुन रकम बढि हुन्छ सो रकम भुक्तानी दिइनेछ र बीमालेख स्वतः अन्त्य हुनेछ ।

ङ) चालु बीमालेखमा बीमा अवधिभित्र बीमित तथा प्रस्तावकको एकै साथ मृत्यु भएमा बीमितको मृत्यु वापत बीमाङ्कको २५ प्रतिशत रकम र आर्जित बोनस तथा प्रस्तावकको मृत्यु बापत बीमाङ्क रकम सहित एकमुष्ठ भुक्तानी दिइनेछ ।

च) प्रस्तावकको मृत्यु वा पूर्ण स्थायी असक्तता भएमा :
चालु बीमालेखमा प्रस्तावकको मृत्यु भएमा वा दुर्घटना तथा बिरामीको कारणबाट पूर्ण स्थायी असक्तता भएमा बीमालेखको बाँकि अवधिको बीमाशुल्क मिनाहा लाभ (Premium Waiver Benefit) र आय सुविधा (Income Benefit) प्रत्येक मासिक/त्रैमासिक रुपमा बीमितलाई भुक्तानी दिइनेछ ।

१६. जोखिम प्रारम्भ हुने उमेर :
नियमित रुपमा बीमाशुल्क भुक्तानी भै बीमितको उमेर ६ वर्ष पुगेमा वा बीमा प्रारम्भ मितिबाट २ वर्षको अवधि पूरा भएको अवस्थामा जुन घटना पछि घट्छ, त्यसमा बीमितको जोखिम वहन शुरु हुनेछ । यद्यपी, बीमितको प्रवेश उमेर क्रमश १५, १६ र १७ वर्ष भएमा बीमा प्रारम्भ भएको १ वर्ष पछि नै जोखिम वहन हुनेछ ।

१७. चुक्ता मूल्य, समर्पण मूल्य र कर्जा : बीमालेख अन्तर्गत यी सुविधाहरु उपलब्ध हुनेछ।

१८. अन्य थप ऐच्छिक सुविधाहरु :

(क) दुर्घटना मृत्यु लाभ (Accidental Death Benefit) :
अतिरिक्त शुल्क सहित यो ऐच्छिक सुविधा बीमा अवधि भित्र बीमा प्रस्तावकको उमेर ७० वर्ष नपुगुन्जेल सम्म प्रस्तावकको दुर्घटनाको कारणबाट शारिरीक चोटपटक लागेर १८३ दिन भित्र प्रस्तावकको मृत्यु भएमा यस पूरक करारमा उल्लेखित बीमाङ्क रकम दुर्घटना मृत्यु लाभ वापत एकमुष्ठ भुक्तानी दिइनेछ।

(ख) एकमुष्ठ भुक्तानी लाभ (Lump-Sum Amount Benefit) :
अतिरिक्त शुल्क सहित यो ऐच्छिक सुविधा बीमा अवधि भित्र बीमा प्रस्तावकको उमेर ७० वर्ष नपुगुन्जेल सम्म प्रस्तावकको दुर्घटनाबाट मृत्यु भएमा वा प्रस्तावकको बिरामी वा प्रत्यक्ष रुपले बाहिरी देखिने आकस्मिक दुर्घटनाको कारणबाट पूर्ण स्थायी असक्तता भएको पुष्टि भएमा यस पूरक करारमा उल्लेखित बीमाङ्क रकम एकमुष्ठ भुक्तानी लाभ वापत भुक्तानी दिइनेछ ।

(ग) काजक्रिया खर्च सुविधा (Funeral Expenses Benefit) :
अतिरिक्त शुल्क सहित यो ऐच्छिक सुविधा बीमा अवधि भित्र बीमा प्रस्तावकको उमेर ७० वर्ष नपुगुन्जेल सम्म प्रस्तावकको मृत्यु भएमा यस पूरक करारमा उल्लेखित बीमाङ्क रकमको २५% वा रु. २,००,०००/- मध्ये जुन कम हुन्छ, सो रकम काजक्रिया खर्च वापत एकमुष्ठ भुक्तानी दिइनेछ ।

सुविधाहरुको अधिकतम बीमाङ्क सिमा :




* शर्तहरु लागू हुनेछन् ।

NIA PRODUCT CODE : **NIA/LI010/2081/082/CP0012**

**Scan me**

**Download Now**


**I.M.E. Life Insurance Company Ltd.**

Hathway Complex, Lainchaur, Kathmandu
P. Box 740
977-01-4024071

**info@imelifeinsurance.com**